**Contact us for Loksewa Preparation Classes :**
**9851335414(Call/Viber/Whatsapp) / 985133541 (Call)**

**नेपाल सरकार**
**शिक्षक सेवा आयोग**
**निम्नमाध्यमिक तह (तृतीय श्रेणी) शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षा**
**सामान्य परीक्षा-२०८१**

**तह निम्नमाध्यमिक** **पूर्णाङ्क: १००**
**समय १ घण्टा** **उत्तीर्णाङ्क: ५०**
**सेट : B**

**वस्तुगत प्रत्रपत्र**

उम्मेदवारले आफ्नो प्रश्नपत्रको माथि दायाँतर्फ बक्सभिव दिइएको सेट (A, B, C वा D मध्ये कुनै एक) वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिका (OMR Sheet) को निर्दिष्ट स्थानमा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। सो उत्तेख नगरेमा वा सो बाहेकका अन्य सङ्केत लेखेमा उत्तरपुस्तिका रद्द हुनेछ। साथै, सही उत्तरलाई वस्तुगत बहुबैकल्पिक उत्तरपुस्तिकाको निर्दिष्ट कोठा (A, B, C वा D मध्ये कुनै एक) मा कालो मसीले भर्नु पर्नेछ। गलत उत्तर लेखेमा प्रत्येक गलत उत्तर वापत बीस प्रतिशत अङ्क कट्टा हुनेछ। तर कुनै पनि उत्तर नदिएको प्रत्रको हकमा अङ्क कट्टा हुने छैन।

१. नेपालमा कहिलेदेखि दास प्रथाको उन्मूलन भएको थियो ?
A. वि.सं. १९७७
B.वि.सं. १९८०
C. वि.सं. १९८१
D. वि.सं. १९८५

२. पारिस्थितिक प्रणालीको सन्तुलन वा असन्तुलनका दृष्टिले तलका मध्ये कुन चाहिं प्रणाली बढी स्थिर रहन्छ ?
A. समुद्रको पारिस्थितिक प्रणाली
B. मरुभूमिको पारिस्थितिक प्रणाली
C. बनको पारिस्थितिक प्रणाली
D. हिमालको पारिस्थितिक प्रणाली

३. नेपालमा राष्ट्रिय शिक्षा दिवस कुन दिन मनाइन्छ ?
A. आधिन २ गते
B. आश्विन ३ गते
C. भाद्र २३ गते
D भाद्र २९ गते

४. तलका प्रश्नहरु मध्ये शिक्षा मनोविज्ञानसँग प्रत्यक्ष सम्बन्ध नराख्ने प्रत्र कुन हो?
A.आत्मा र मनका विशेषताहरू के के हुन् ?
B. सिकारुका स्वभावहरू के के हुन ?
C मानव वृद्धि र विकास कसरी हुन्छ ?
D. सिकाइलाई प्रभाव पार्ने वाह्य र आन्तरिक तत्वहरू के के हुन् ?

५ तल प्रस्तुत सिकाइ स्थानान्तरणका सिद्धान्त र तिनका सिद्धान्तकारहरूबीच सही जोड़ा कुन कुन हुन् ?

| सिद्धान्तहरू | सिद्धान्तकारहरू |
|---|---|
| क. मानसिक बिधाको सिद्धान्त | १. Charles Judd |
| ख. समान तत्वको सिद्धान्त | 2. John Locke |
| | ३. Thorndike |

A. क १ र ख २
B. क ३ र ख १
C. क २ र ख ३
D. क १ र ख ३

६. हाल प्रचलित राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार कक्षा ४ देखि १० सम्म कति पाठ्य/कार्यघण्टा तोकिएको छ ?
A. २६ पाठ्यघण्टा अर्थात वार्षिक ८३२ कार्यघण्टा
B. २७ पाठ्यघण्टा अर्थात वार्षिक ८८४ कार्यधण्टा
C. ३२ पाठ्यधण्टा अर्थात वार्षिक १०२४ कार्यधण्टा
D. ३३ पाठ्यघण्टा अर्थात वार्षिक १०३४ कार्यधण्टा

७. तलका मध्ये कुनचाँहि निर्माणात्मक मूल्याङ्कनकी विशेषता होइन ?
A. विद्यार्थीको सिकाइ स्तर निर्धारण गर्नु
B. विद्यार्थीको सिकाइमा सुधार गर्नु
C. उपचारात्मक शिक्षण विधि छनोट गर्न सहयोग गर्नु
D. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा रहनु

८. शैक्षिक अनुसन्धानमा सूचनाको द्वितीय (Secondary) स्रोत अन्तर्गत पर्ने विधि कुन हो ?
A. घटना अध्ययन

B. अनुसन्धान प्रतिवेदन
C. अन्तर्वार्ता
D. अनलाइन सर्भेक्षण

9. What is blended learning?
A. A teaching method that exclusively uses traditional classroom instruction.
B.Use of face to face teaching and online learning activities.
C.A term used for remote learning without any physical interaction.
D. A method that focuses solely on self-placed online courses

१०. शिक्षा ऐन, २०२८ मा साक्षरता, सिप विकास र निरन्तर सिकाइका लागि सहजीकरण गर्न कुन संस्थाको व्यवस्था गरिएको छ ?
A.सामुदायिक सिकाइ केन्द्र
B. सामुदायिक तथा संस्थागत विद्यालय
C. पुस्तकालय तथा वाचनालय
D. सिप परीक्षण केन्द्र

११. ०.७५ लाई भिन्नमा बदल्दा कति हुन्छ ?
A.१/२
B. २/३
C.३/४
D.४/५

MIRAS ACADEMY

१२. दिइएको शब्दको समानार्थी शब्द छानुहोस्।
Prodigal
A. moderate
B. son
C.excess
D. frugal

१३. पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुवको ठीक बीचमा पर्ने गरी खिचिएको काल्पनिक रेखालाई के नामले चिनिन्छ ?

A. अन्तर्राष्ट्रिय तिथि रेखा
B. अक्षांश रेखा
C. देशान्तर रेखा
D. भूमध्य रेखा

१४. विकास निर्माण कार्यलाई व्यवस्थित गर्न 'भल्मन्सा छान्ने' र नयाँ वर्षका रूपमा 'तित्तासङ्काइत' पर्व मान्ने परम्परा नेपालका कुन जातिमा रहेको छ ?
A. राजवंशी
B. सुनुवार
C. कसुन्डा
D.बारु

१५. विकासोन्मुख देशलाई दिगो खपत तथा उत्पादनतर्फ उन्मुख गर्न वैज्ञानिक र प्राविधिक क्षमतालाई बलियो पार्न सघाउने विषय 'दिगो विकास लक्ष्य' को कुन लक्ष्यसँग सम्बन्धित छ ?
A. लक्ष्य १३ :जलवायुमा पहल
B. लक्ष्य १२ : दिगो उपभोग तथा उत्पादन
C. लक्ष्य १० :असमानता न्यूनीकरण
D. लक्ष्य ७ : किफायती र स्वच्छ ऊर्जा

१६ . World Happiness Report, 2024 अनुसार विश्व खुसी सूचकाङ्कमा नेपाल कतिऔं स्थानमा रहेको छ ?
A.९०औं
B. ९१औं
C.९२औं
D.९३औं

MIRAS ACADEMY

१७ . मनोविज्ञानले प्रत्यक्ष रुपमा तलका मध्ये कुन कुन पक्षको अध्ययन गर्दछ ?
A. मानसिक पक्ष
B . मानसिक र संवेगात्मक पक्ष
C. मानसिक, आत्मिक तथा वैचारिक पक्ष
D. मानसिक, शारीरिक तया संवेगात्मक पक्ष

१८. सिकारुको सिकाइ व्यवहार परिवर्तनका लागि पुरस्कार र दण्ड आवश्यक हुन्छ भन्ने भनाई कुन सिकाइ सिद्धान्तसँग सम्बन्धित छ?
A. व्यवहारवादी सिद्धान्त
B. परम्परावादी सिकाइ सिद्धान्त
C. प्रयत्न र भूलको सिद्धान्त
D. कार्यपरक सम्बन्धन सिकाइ सिद्धान्त

१९. तलका मध्ये कुन भनाइले शिक्षकको लागि पाठ्यक्रमको महत्वलाई उपयुक्त ढङ्गले दर्शाउँछ ?
१. सिकाउनु पर्ने विषयवस्तु छनोट गर्न मद्दत गर्छ।
२. मूल्याङ्कनका साधनहरू व्यवस्थित गर्न मद्दत गर्छ।
३. शिक्षणको लागि योजना बनाउन मद्दत गर्छ।

A.१ र २
B. १, २ र ३
C. १ र ३
D. २ र ३

२०. दिइएका स्तम्भ 'क' र स्तम्भ 'ख' का विषयवस्तुहरू बीचको उपयुक्त जोडा कुन हो ?

| स्तम्भ 'क | स्तम्भ 'च' |
|---|---|
| १. विश्वसनीयता | अ. वस्तुपरकता |
| २. वैधता | आ. मापनमा एकरुपता |
| | इ. आधिकारिकता |

A.१ अ र २ आ
B.१ इ र २ अ
C.१ आ र २ इ
D. १ आ र २ अ

२१. कुन अनुसन्धानमा अनुसन्धानकर्ता र प्रयोगकर्ता एउटै व्यक्ति हुन्छ?
A. प्रयोगात्मक अनुसन्धान
B. आधारभूत अनुसन्धान
C. कार्यमूलक अनुसन्धान
D. मिस्रित

२२. What does "WiFi" stand for?
A. Wired Fidelity
B. World Fidelity
C. Wicket Forestorm
D. Wireless Fidelity

२३. प्रचलित शिक्षा नियमावली अनुसार विद्यालयलाई अनुदान उपलब्ध गराउने आधारमा तलका मध्ये कुन पर्दैन ?
A. विद्यालयको विद्यार्थी सङ्ख्या
B. विद्यालयमा उपलब्ध भौतिक सुविधा
C. विद्यालयको शिक्षक सङ्ख्या
D. विद्यालयको परीक्षाको नतिजा

२४. दिइएको अनुक्रम अनुसार प्रश्न बिना भएको ठाउँको लागि उपयुक्त विकल्प छान्नुहोस् ।
१०००, ८६५, ? , ५९५, ४६०, ३२५
A.६४५
B. ६५०
C. ७३०
D. ७५०

२५. महालङ्गुर हिमश्रृङ्खलामा नपर्ने हिमाल तलका मध्ये कुनचाहि हो ?
A. सगरमाथा
B. गौरीशङ्कर
C. अमादब्लम
D. चोपू

२६. पन्ध्रौ पन्चवर्षीय योजनामा आर्थिक वर्ष २०८०/८१ सम्म गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कति प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ ?
A.८.५%
B. ९.५%
C. १०.५%

MIRAS ACADEMY

D. ११.५%

२७. संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्ने SAARC अन्तर्गतको पहिलो राष्ट्र कुन हो ?
A. भारत
B. नेपाल
C बङ्गलादेश
D. पाकिस्तान

२८. योग्यताको समकक्षता (Equivalency), गतिशीलता (Mobility) र पारगम्यता (Permeability) साजन्धी प्रावधान कुत दस्तावेजमा उल्लेख गरिएको छ ?
A. राष्ट्रिय पाठ्यक्रम प्रारूप
B. राष्ट्रिय योग्यता प्रारुप
C. तहगत पाठ्यक्रम
D. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

२९. उत्तरवाल्यावस्था अन्तर्गत स्वावलम्बी सिपमा नपर्ने तलका मध्ये कुनचाँहि सिप हो ?
A. अरुलाई सहयोग गर्ने सिप
B. खाने, नुहाउने सिप
C. खेल्ने, अरुको सहयोग बिना काम गर्ने सिप
D. चित्र लेखे सिप

MIRAS ACADEMY

३०. सिकाइका तीन नियमहरू the law of effect, the law of readiness र the law of exercise कुन सिकाइ सिद्धान्तसँग आवद्ध छन् ?
A. व्यवहारवादी सिकाइ सिद्धान्त
B. शास्त्रीय सम्बन्धन सिकाइ सिद्धान्त
C. कार्यपरक सम्बन्धन सिकाइ सिद्धान्त
D. प्रयत्न र भूलको सिद्धान्त

३१. शैक्षिक सत्रभरको लागि कुनै एक विषयको शिक्षण सिकाइ सम्बन्धी शिक्षक निर्मित योजना कुन हो ?
A. पाठयोजना
B. वार्षिक शैक्षिक पात्रो

C.वार्षिक पाठयोजना
D. शैक्षणिक योजना

३२. If you want to identify the top 15 highest marks column in excel, which of students from a list of feature would you use?
A. Conditional formating
B. Sorting
C. Filtering
D. Data validation

३३ . कक्षाकोठाभित्र सिकारुले सिक्नका लागि उपयुक्त बातावरण निर्माण गर्ने कार्यले केलाई बुझाउँछ ?
A. सिकाइको व्यवस्थापन
B. विविधताको व्यवस्थापन
C. कक्षाकोठा व्यवस्थापन
D. बसाइ व्यवस्थापन

३४.What is the proper procedure for reporting Cyber crime in Nepal?
A. Contact local government
B. Contact Hello Sarkar
C. Share on Social Media
D. Contact Nepal Police Cyber Bureau

MIRAS ACADEMY

३५. "Dog: Bark" जस्तै "Bird......" हुन्छ।
A. Neigh
B. Bleat
C. Trumpet
D.Chirp

३६. शिक्षक सेवा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत नपर्ने विषय तलका मध्ये कुन हो ?
A. शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने.. ।
B. शिक्षक बढुवाको लागि सिफारिस गर्ने।
C. विद्यालयमा अध्यापन गर्न चाहने व्यक्तिलाई अध्यापन अनुमतिपत्र दिने।

D. शिक्षकको सेवा शर्त सुविधा सम्बन्धमा मन्त्रालयलाई सुझाव दिने।

३७. पृथ्वी आफ्नो अक्षमा कसरी फन्को मार्दछ ?
A. पश्चिमबाट पूर्वतर्फ
B. पूर्वबाट पश्चिमतर्फ
C. उत्तरबाट दक्षिणतर्फ
D. दक्षिणकाट उत्तरतर्फ

३८. नेपालको सबैभन्दा ठूलो नदी सप्तकोशीमा मिसिन आउने नदीहरू मध्ये सबैभन्दा सानो सहायक नदी कुन हो ?
A. अरुण
B. इन्द्रावती
C. तमोर
D. लिखु

३९. पन्ध्रौ आवधिक योजनामा नेपाललाई कहिलेदेखि दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको सूचीमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखिएको छ ?
A. वि.सं. २०८६
B. वि.सं. २०८७
C. वि.सं. २०८८
D. वि.सं. २०८९

MIRAS ACADEMY

४० SAARC क्षयरोग केन्द्र कुन देशमा रहेको छ ?
A. भारत
B. पाकिस्तान
C. नेपाल
D. श्रीलङ्का

४१. तपाईंले प्राप्त गरेको शिक्षालाई अद्यावधिक र जीवन्त बनाउन समकक्षी (Equivalent) शैक्षिक कार्यक्रम छनोट गर्नु भएमा त्यो कस्तो प्रकारको शिक्षा हो ?
A औपचारिक शिक्षा

B. अनौपचारिक शिक्षा
C.अनियमित शिक्षा
D. आकस्मिक शिक्षा

४२. सिकाइलाई प्रभाव नपार्ने पक्ष तलका मध्ये कुनचाँहि हो ?
A. उत्प्रेरणा
B. पुनर्वल
C. शिक्षण विधि
D. उपलब्धि परीक्षण

४३. पाठ्यक्रमले तोकेको सिकाइ सक्षमताहरू हासिल गराउन कुनै शिक्षकले कक्षाकोठामा बहुसांस्कृतिक र बहुभाषिक पक्षहरू समायोजन गरी शिक्षण गर्दछ भने त्यसलाई के भनिन्छ ?
A. विविधताको व्यवस्थापन
B. साँस्कृतिक प्रणालीको व्यवस्थापन
C. संस्कृति आत्मीकरणको व्यवस्थापन
D. सामाजिक समूह व्यवस्थापन

४४. नैतिक शिक्षा पढाउने शिक्षकले दृष्टान्तहरू सहितको लामो प्रवचन दिँदै पाठको सामान्यीकरण गरी विद्यार्थीहरूमा नयाँ नैतिक सन्देश सिकाउँछ भने उसले तलका मध्ये कुन शिक्षण विधि उपयोग गरेको मानिन्छ ?
A. कथाकथन विधि
B, आनुभविक विधि
C. निगमन विधि
D. आगमन विधि

४५ . विद्यालय र व्यवस्थापन समितिबीच हुने द्वन्द कस्तो किसिमको द्वन्द हो ।
A. समूहहरूबीचको द्वन्द्र
B. सङ्गठनात्मक द्वन्द
C. समूहभित्रको द्वन्द
D. व्यक्तिहरूबीचको द्वन्द्र

४६. What type of software is used by teachers for organizing and managing course materials ?

A Learning management system
B. Email client
C. Video editing software
D. Social media platform

४७ नेपालको संविधानले कुन कुन वर्गका नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा पाउने मौलिक हकको व्यवस्था गरेको छ ?
A. पिछडिएको जनजाति र दलित
B . सीमान्तकृत समुदाय र पिछडिएको क्षेत्रको नागरिक
C. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न
D, माथिका सबै

४८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको अधिकार क्षेत्रभित्र नपर्ने विषय कुनचाँहि हो ?
A. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति
B. गाभिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
C. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
D. शिक्षा सम्बन्धी नीति, कानुन मापदण्ड

४९. क्रम नमिलाई राखिएका अक्षर "ACCOKEP" लाई अर्थपूर्ण शब्द बनाउँदा तलको मध्ये कुन वर्गमा पर्दछ ?
A. जनावर
B, बराचुरुङ्गी
C. माछा
D. फूल

MIRAS ACADEMY

५०. सवैभन्दा गहिरो महासागर कुन हो ?
A. आन्ध्र महासागर
B. प्रशान्त महासागर
C. हिन्द महासागर
D. कुमेरु महासागर

**Contact us for Loksewa Preparation Classes :**
**9851335414(Call/Viber/Whatsapp) / 985133541 (Call)**

MIRAS ACADEMY